30/08/2024

National News

मुख्य समाचार

- प्रधानमन्त्रीले गर्नुभयो महाराष्ट्रमा भारतको सबैभन्दा ठूलो र गहिरो बन्दरगाहको शिलान्यास।
- भारतको फिनटेक क्षेत्रले विश्वव्यापी रूपमा मानिसहरूको जीवनलाई सहज बनाउने प्रधानमन्त्रीको भनाई
- प्रधानमन्त्रीले भोली तीनवटा वन्दे भारत ट्रेनलाई हरियो झण्डा देखाएर सुचारु गराउनुहुने
- महिलाको विकासबाट मात्र राष्ट्रको विकास सम्भव हुने उपराष्ट्रपतिको भनाई
- पेरिस पाराओलम्पिकमा भारतको उत्कृष्ट सुरुवात; प्रधानमन्त्रीले दिनुभयो दुवै खेलाढीलाई बधाई

## प्रधानमन्त्रीले गर्नुभयो महाराष्ट्रमा भारतको सबैभन्दा ठूलो र गहिरो बन्दरगाहको शिलान्यास।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले महाराष्ट्रको पालघर जिल्लामा रहेको वाधवन बन्दरगाह को शिलान्यास गर्नुभएको छ। उहाले विभिन्न माछापालन परियोजनाको पनि उद्घाटन गर्नुभयो । श्री मोदीले माछा पालकहरूलाई ट्रान्सपोन्डर र किसान क्रेडिट कार्डहरू वितरण पनि गर्नुभयो। प्रधानमन्त्रीले भारतको तटीय क्षेत्रमा विगत एक दशकमा अभूतपूर्व विकास भएको बताउनु भयो। उहाले बन्दरगाहको आधुनिकीकरण र जलमार्गको विकासका लागि सरकारले करोडौं रुपैयाँ लगानी गरेको जानकारी दिनुभयो । यस क्षेत्रमा निजी लगानी पनि बढेको भन्दै प्रधानमन्त्रीले युवालाई यसले नयाँ अवसर दिएको बताउनुभयो । श्री मोदीले भन्नुभयो आज सारा विश्वको नजर वार्धवन पोर्टमा छ, जसले यस क्षेत्रको आर्थिक मानचीत्र बदल्नेछ। आज भारतको प्रगतिको यात्रामा एक ऐतिहासिक दिन रहेको र विकसित महाराष्ट्र एक विकसित भारतको संकल्पको एक आवश्यक भाग रहेको उहाँले थप बताउनु भयो।

यो परियोजना लागत छ्यातर हजार करोड रुपैयाँ रहेको छ । यसको उद्देश्य, विश्वस्तरीय समुद्री प्रवेशद्वार स्थापना गर्नु हो। यसले ठूला कन्टेनर जहाजहरूको आपूर्तिसँगै धेरै ठूला कार्गो जहाजहरू समायोजन गरेर देशको व्यापार र आर्थिक वृद्धिलाई बढावा दिनेछ। पालघर जिल्लाको दहनु सहर नजिकै रहेको वाधवन बन्दरगाह भारतको सबैभन्दा ठूलो गहिरो पानीको बन्दरगाह हुनेछ। यसले पारवहन समय र लागत घटाउँदै अन्तर्राष्ट्रिय ढुवानी मार्गहरूसँग प्रत्यक्ष जडान प्रदान गर्नेछ। प्रधानमन्त्रीले लगभग 1,560 करोड रुपैयाँको 218 माछापालन परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुभयो। यसले देशभरका क्षेत्रीय पूर्वाधार र उत्पादन बढाउने लक्ष्य राखेको छ।

## भारतको फिनटेक क्षेत्रले विश्वव्यापी रूपमा मानिसहरूको जीवनलाई सहज बनाउने प्रधानमन्त्रीको भनाई

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतको फिनटेक क्षेत्रले विश्वव्यापी रूपमा मानिसहरूको जीवनलाई सहज बनाउने बताउनु भएकोछ। प्रधानमन्त्रीले आज मुम्बईमा विशेष वैश्विक फिन्टेक महोत्सव-2024 लाई सम्बोधन गर्नुभयो। श्री मोदीले फिन्टेकलाई भारतमा तीव्र गतिमा स्वीकारीएको बताउनुभयो। उहाले भन्नुभयो विश्वको आधा वास्तविक समय डिजिटल लेनदेन भारतमा हुन्छ। प्रधानमन्त्रीले वित्तीय सेवालाई लोकतान्त्रिक बनाउन फिनटेकले महत्वपूर्ण भूमिका खेलेको जानकारी दिनुभयो। उहाले डिजिटल कारोबारले समानानंतर अर्थतन्त्रको खतरा कम भएको र बैंकिङ प्रणालीमा पारदर्शिता बढाएको बताउनुभयो। प्रधानमन्त्रीले भारतमा फिनटेकले ल्याएको रूपान्तरण प्रविधिमा मात्र सीमित नभएर यी पहलहरूले दूरगामी सामाजिक प्रभाव पार्ने कुरामा जोड

दिनुभयो। श्री मोदीले भारतको फिनटेक नवाचारको प्रशंसा गर्दै उद्योगले पछिल्लो दशकमा 31 अर्ब डलरभन्दा बढीको रेकर्ड लगानी प्राप्त गरेको बताउनुभयो। यो वृद्धि 5 सय प्रतिशतभन्दा बढी हो ।

यस अवसरमा भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासले भन्नुभयो भारत अहिले परिवर्तनको शिखरमा छ जहाँ प्रविधिले हरेक नागरिकको आकांक्षा पूरा गर्नेछ।

## प्रधानमन्त्रीले भोली तीनवटा वन्दे भारत ट्रेनलाई हरियो झण्डा देखाएर सुचारु गराउनुहुने।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि भिडियो कन्फरेन्समार्फत तीनवटा वन्दे भारत ट्रेनलाई हरियो झण्डा देखाएर सुचारु गराउनु हुने छ। 'मेक इन इन्डिया' र आत्मनिर्भर भारतको दृष्टिलाई साकार पार्दै, अत्याधुनिक वन्दे भारत एक्सप्रेसले मेरठ-लखनऊ, madurai-बेंगलुरु र चेन्नई-नागरकोइल तीन मार्गहरूमा यो रेल सेवा उपलब्ध गराउने छ । यी नयाँ वन्दे भारत ट्रेनहरूले तीन राज्यहरू, उत्तर प्रदेश, तमिलनाडु र कर्नाटकका मानिसहरूलाई विश्व-स्तरीय यात्रा र सुविधा प्रदान गर्नेछ। यी वन्दे भारत एक्सप्रेस ट्रेनहरूको प्रयोगले नियमित यात्रुहरू, पेशेवरहरू, व्यवसायीहरू र विद्यार्थीहरुलाई आवतजावत गर्न सहज गर्ने छ।

## महिलाको विकासबाट मात्र राष्ट्रको विकास सम्भव हुने उपराष्ट्रपतिको भनाई

उपराष्ट्रपति श्री जगदीप धनखरले महिलाको विकासबाट मात्र राष्ट्रको विकास सम्भव भएको बताउनुभएको छ । उहाले आज दिल्ली विश्वविद्यालयको भारती कलेजमा 'विकसित भारतमा महिलाको भूमिका' विषयमा विचार आदानप्रदान सत्रलाई सम्बोधन गर्नुभयो। श्री धनखरले विकसित भारत निर्माणमा महिला सबैभन्दा महत्त्वपूर्ण साझेदार भएको बताउनुभयो । कोलकाताको कथित बलात्कार र हत्या घटनाप्रति दुःख व्यक्त गर्दै उपराष्ट्रपतिले जहाँ महिला र बालिकाले सुरक्षित महसुस गर्दैनन् त्यो समाजलाई सभ्य समाज भन्न नसकिने बताउनुभयो । उनले यस्ता अपमानजनक र हिंसात्मक घटनालाई कदापि सहन नहुने जनतालाई आग्रह गर्नुभयो।

## झारखण्डका पूर्व मुख्यमन्त्री भारतीय जनता पार्टीम सामेल

झारखण्डका पूर्व मुख्यमन्त्री श्री चम्पाई सोरेन आज राँचीको धुर्वा मैदानमा आयोजित एक कार्यक्रममा भारतीय जनता पार्टीम सामेल हुनुभयो। श्री चम्पाई सोरेनले बंगलादेशबाट "ठूलो मात्रामा" घुसपैठका कारण राज्यको संथाल परगना क्षेत्र खतरामा रहेको र आदिवासी पहिचान र अस्तित्व बचाउन भाजपामा सामेल भएको बताउनु भएको छ।

# पेरिस पाराओलम्पिकमा भारतको उत्कृष्ट सुरुवात; प्रधानमन्त्रीले दिनुभयो दुवै  खेलाढीलाई बधाई

पेरिस पाराओलम्पिकमा भारतले उत्कृष्ट सुरुवात गरेको छ ।  सुटिङमा भारतले दुई पदक जितेको छ । यस अवसमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पेरिस पाराओलम्पिकमा भएको 10 मिटर एयर राइफल SH -1 प्रतियोगितामा स्वर्ण जितेकोमा अवनी लेखरालाई बधाई दिनुभएको छ। आफ्नो सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले अवनील तीन पाराओलम्पिक पदक जित्ने पहिलो भारतीय महिला एथलीट बनेर इतिहास रचेको उल्लेख गर्नुभएको छ। श्री मोदीले उहाको समर्पणको प्रशंसा पनि गर्नुभयो। प्रधानमन्त्रीले मोना अग्रवाललाई  कास्य पदक जितेकोमा बधाई दिनुभएको छ । श्री मोदीले यी दुई खेलाडीको उल्लेखनीय उपलब्धि र आफ्नो समर्पण र उत्कृष्टतामा भारतले गर्व गरेको बताउनुभएको छ। 10 मिटर एयर राइफल Standing SH–1 मा अवनी लेखराले स्वर्ण पदक जित्नुभएको छ ।  उहाले 249 दशमवल  7 अंक बनाउनु भएको छ।   यस प्रतियोगितामा भारतकै मोना अग्रवालले कास्य  पदक जित्नुभएको छ।  उहाले 228 दशमलव 7 अंक प्राप्त गर्नुभएको छ । अवनीले यस पटक आफ्नै पाराओलम्पिक रेकर्ड तोड्नुभएको छ । उहाले  टोकियो  पाराओलम्पिकमा 249 दशमवल 6 अंक सहित स्वर्ण पदक जित्नु भएको थियो ।